नेपाली／ネパール語

日本年金機構
Japan Pension Service

XXXX XX, 20XX

प्रिय रोजगारदाता,

निर्देशक,
जापान पेन्सन सेवा XXXX शाखा कार्यालय

**कर्मचारी पेन्सन बीमा र स्वास्थ्य बीमामा आबद्ध हुन अनुरोध गर्नेबारे**

कर्मचारीले उपचार र आम्दानीको सुरक्षा पाउनको लागि सबै रोजगारदाताले आफ्नो कार्यस्थललाई कर्मचारी पेन्सन बीमा र कर्मचारी स्वास्थ्य बीमामा आबद्ध गराउनुपर्छ भनेर कानुनमा तोकिएको छ (विस्तृत जानकारीको लागि संलग्न कागज हेर्नुहोस्)। तर हाम्रो रेकर्डअनुसार तपाईंको कार्यस्थल यो प्रणालीमा आबद्ध भएको छैन।

तपाईंको कर्मचारीहरूलाई बीमा कभरेज प्रदान गर्न **XXXX XX, 20XXसम्ममा निम्न शाखा कार्यालयमा कर्मचारी पेन्सन बीमा र स्वास्थ्य बीमामा आबद्ध हुन अनुरोध गर्दछौं।** कार्यालयमा आउनुहुँदा माइ नम्बर कार्ड (व्यक्तिगत नम्बर कार्ड), पासपोर्ट, बसोबास कार्ड जस्ता **तपाईंको परिचयपत्र अनिवार्य रूपमा लिएर आउनुहोस्।**

हाम्रो शाखा कार्यालयमा केही भाषाहरूको लागि निशुल्क दोभाषे सेवा उपलब्ध छ तर तपाईं आफैले कोही जापानी भाषा बोल्ने व्यक्ति लिएर आउन पनि सक्नुहुन्छ।

हामीसित तपाईंको सहकार्यप्रति हामी आभारी छौं।